दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ९० | बुटवल | २०८२ चैत १६ गते, सोमबार | नेपाल संवत ११४६ | Monday March 30, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# हाटबजारहरूमा छैन शौचालय, पानी र विद्युत्

## रूपन्देहीका १२२ स्थानमा हाटबजार सञ्चालन हुँदै आएका र ५ हजार बढी व्यवसायी आबद्ध रहेका छन्।




**लुम्बिनी संवाददाता**

*बुटवल*

रूपन्देहीमा सञ्चालित हाटबजारहरुमा अझैं पनि खानेपानी, शौचालय र विद्युत् जस्ता अति आवश्यक र न्यूनतम पूर्वाधारको उचित र पर्याप्त सुविधा नभएको व्यवसायीहरुको गुनासो छ।

थुप्रै हाटबजारमा व्यवसायीहरु खुल्ला आकाशमुनि व्यवसाय गर्न बाध्य भएका र खानेपानी, शौचालय, विद्युत् जस्ता आधारभूत आवश्यकताको अभाव रहेको उनीहरुको गुनासो छ । हाटबजार व्यवसायी संघ रुपन्देहीका अनुसार जिल्लामा ५ हजार बढी हाटबजार व्यवसायी छन् ।

खानेपानी, शौचालय र विद्युत् जस्ता अति आवश्यकीय भौतिक पूर्वाधार निर्माणको लागि स्थानीय तहको सिफारिससहित प्रदेश सरकार र संघीय सरकारमा योजना पेश गर्दा पनि कहीं कतैबाट बजेट बिनियोजन नभएको संघका अध्यक्ष हुमाराम पोखरेले गुनासो गरे ।

संघको १८औं वार्षिक साधारण सभा तथा १०औं अधिवेशनमा अध्यक्ष पोखरेलले स्थानीय तहबाट हाटबजार पूर्वाधार विकास कोषमा निरन्तर विनियोजन हुने बजेट समेत चालु आर्थिक वर्षमा बिनियोजन नभएको बताए ।

पूर्वाधार निर्माणको लागि सबै हाट बजारहरुबाट उठ्ने वार्षिक बैठकी रकमबाट ५० प्रतिशत रकम सोही क्षेत्रमा लगानी गर्ने नीति बनाएर लागू गर्न उनले माग गरेका छन् । भएका शौचालयहरु पनि जीर्ण, उपभोक्ता संख्याको तुलनामा ज्यादै कम तथा खानेपानीको सुविधा पनि अपर्याप्त रहेको अध्यक्ष पोखरेलले गुनासो गरे ।

'स्थानीय तहको सिफारिसमा प्रदेश सरकार र संघीय सरकारमा जाँदा पनि हाम्रा योजनाको सुनुवाइ नहुनु, के हामीले चाहेको परिवर्तन यही हो ?,' अध्यक्ष पोखरेलले प्रश्न गर्दै भने-'विभिन्न किसिमका दोहोरो तथा तेहोरो करको असुली मात्र गर्ने, खुल्ला सिमाना र अनाधिकृत बजार प्रभावकारी अनुगमन नगर्ने बरु यत्रतत्र खोल्न दिनुको साथै अति आवश्यक मानविय पूर्वाधार निर्माण नगरिनुले व्यवसायी मारमा परेका छन् ।'

खानेपानी, शौचालय र विद्युत् जस्ता अति आवश्यक पूर्वाधार अविलम्ब पूरा गर्न अध्यक्ष पोखरेलले स्थानीय सरकारसँग माग गरे । 'बुटवल ११ मा एउटा शौचालय बाहेक कुनै लगानी भएको छैन, सैनामैना, देवदह, तिलोत्तमामा पनि केही टिनको टूसका काम भएता पनि पुर्ण भएका छैनन्,' अध्यक्ष पोखरेलले भने-'केही बजारहरु विद्यालयको मातहतमा रहेको हुँदा पूर्वाधार निर्माणको लागि योजना पेश गर्न समेत समस्या छ, अविलम्ब स्थानीय सरकारको मातहतमा ल्याइ पूर्वाधार निर्माण गर्नु पर्छ ।'

हाटबजार व्यवसायी संघ रुपन्देहीका पूर्व अध्यक्ष भिमलाल ज्ञवालीले हाटबजार क्षेत्र स्थानीय सरकारको प्रथमिकतामा पर्न नसकेको बताए । हाटबजारमा न्यूनतम पूर्वाधार निर्माणका विषयमा पटक-पटक आवाज उठाउँदै आए पनि हालसम्म व्यवसायीमैत्री संरचना बन्न नसकेको उनले दुखेसो पोखे । 'उप-महानगरसँग सहमति भएका विषय कार्यान्वयन नहुँदा व्यवसायीहरुले वर्षौंदेखि समस्या खेप्दै आएका छन्,' ज्ञवालीले भने-'बुटवल-५ को हाटबजारलाई मौलिक र ऐतिहासिक बनाउनुपर्छ, व्यवसायीलाई विस्थापित गर्ने गरी स्थानीय सरकारले कुनै निर्णय गर्न हुँदैन ।'

हाटबजार व्यवसायी संघका निर्वतमान अध्यक्ष टेककहादुर जिसीले साना व्यवसायीहरुलाई हाटबजारमा बसेर सहज रुपमा व्यापार गर्ने वातावरण बनाइदिन आग्रह गरे ।

बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले रुपन्देहीमा सञ्चालित हाटबजारले किसानको अर्थव्यवस्थामा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेलेको बताए ।

'घरको करेसाबारीको उत्पादनदेखि व्यावसायिक रूपमा खेती गर्ने किसानको जीविकोपार्जन र आर्थिक स्रोतका रूपमा हाटबजारले सहयोग पुऱ्याएको छ,' उनले भने-'हाटबजारलाई कृषि सामग्री बिक्री केन्द्र बनाउने योजनाका साथ उप-महानगरपालिका अघि बढेको छ ।' बुटवलले साना व्यवसायीलाई संरक्षण गर्ने नीति लिएकोमा उनले जोड दिए ।

हाटबजारका कारण किसान व्यावसायिक बन्न थालेको उल्लेख गर्दै उनले पहाड र तराईका किसानहरूले उत्पादन गरेका सबै कृषि उपज बिक्री गर्न समस्या नरहेको उनले दाबी गरे । उप-महानगरपालिका किसान र व्यवसायीको साथमा रहेको बताउँदै नगरप्रमुख पाण्डेयले हाजबजारको दिगो व्यवस्थापनका लागि सबैको सहकार्य जरुरी रहेको बताए । हाटबजारमा आवश्यक शौचालय, ट्रस्ट निर्माणसँगै अन्य भौतिक संरचना निर्माणका लागि आगामी आर्थिक वर्षमा बजेट बिनियोजन गर्ने प्रतिबद्धता जनाउँदै उनले त्यसका लागि संघले लागत मूल्यांकन गरी पेश गर्न आग्रह गरे ।

» बाँकी ३ पेजमा

## ओली र लेखकलाई ५ दिन थुनामा राख्न आदेश



बुटवल । नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई थुनामा राखेर अनुसन्धान अघि बढाउन अदालतले आदेश दिएको छ।

आइतबार जिल्ला अदालत काठमाडौंका न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले ५ दिन म्याद थपको अनुमति दिएको दिपककुमार श्रेष्ठले जानकारी दिए । उनीहरूलाई ५ दिन थुनामा राखेर अनुसन्धान अघि बढाउन सरकारी वकिलले माग गरेका थिए ।

गत २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । उक्त आन्दोलनमा दमन भएको थियो ।

जेनजी आन्दोलनको बेला एमालेका अध्यक्ष ओली प्रधानमन्त्री थिए भने कांग्रेस नेता रमेश लेखक गृहमन्त्री थिए ।

उक्त आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले ओली-लेखकलाई फौजदारी मुद्दामा कारबाही अघि बढाउन सिफारिस गरेको थियो ।

उक्त सिफारिसका आधारमा जरुरी पक्राउ पुर्जी जारी गरेर शनिबार बिहान ओली-लेखकलाई पक्राउ गरिएको थियो ।

अदालतमा लेखक आफैँ उपस्थित भएका थिए भने ओली भने बिरामी भएका कारण त्रिवि शिक्षण अस्पतालमार्फत् भर्चुअल उपस्थित भएका थिए ।

## पूर्व प्रम ओलीको प्रभावकारी उपचार व्यवस्था गर्न आदेश

बुटवल । जिल्ला अदालत काठमाडौंले पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको उपचारमा प्रभावकारी आवश्यक व्यवस्था गर्न आदेश दिएको छ।

आइतबार जिल्ला अदालत काठमाडौंका न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले ५ दिन म्याद थपको अनुमति दिँदै प्रभावकारी आवश्यक उपचारको व्यवस्था गर्न समेत आदेश जारी गरेको हो ।

'प्रतिवादी केपी शर्मा ओली अस्वस्थ भई उपचारार्थ अस्पतालमा रहेको भन्ने समेत निजको प्रभावकारी आवश्यक उपचारको व्यवस्था गर्न समेत यो आदेश गरिदिएको छ ।'- न्यायाधीश श्रेष्ठले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

पक्राउलगत्तै अस्पताल भर्ना भएका ओली भने बिरामी भएका कारण इजलासमा भर्चुअल रुपमा उपस्थित भएका थिए ।

ओलीलाई शनिबार बिहान भक्तपुरको गुण्डुस्थित निवासबाट पक्राउ गरिएको थियो ।

गत २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । उक्त आन्दोलनमा दमन भएको थियो ।

जेनजी आन्दोलनको बेला एमालेका अध्यक्ष ओली प्रधानमन्त्री थिए भने कांग्रेस नेता रमेश लेखक गृहमन्त्री थिए ।

उक्त आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले ओली-लेखकलाई फौजदारी मुद्दामा कारबाही अघि बढाउन सिफारिस गरेको थियो ।

## ओली, देउवा र प्रचण्डको सम्पति छानबिन हुँदै



बुटवल । तीन पूर्वप्रधानमन्त्रीको सम्पत्ति छानबिन प्रक्रिया अघि बढेको छ ।

पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल (प्रचण्ड)को सम्पत्ति छानबिनको प्रक्रिया अघि बढेको हो ।

सम्पत्ति शुद्धीकरण विभागले केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)लाई पत्राचार गरेपछि सीआइबीले अनुसन्धान प्रक्रिया अघि बढाएको हो ।

विभागकै पत्राचारअनुसार आइतबार कांग्रेस नेता तथा पूर्वउर्जा मन्त्री दीपक खड्का पक्राउ परेका हुन् ।

'विभागको पत्रअनुसार हामीलाई उहाँ (दीपक खड्का)लाई सम्पत्ति शुद्धीकरणको अनुसन्धानका लागि पक्राउ गरेका हौं ।'- सीआइबीका एआईजी डा. मनोज केसीले भने ।

तीन पूर्वप्रधानमन्त्रीको हकमा भने केसी केही बोल्न चाहेनन् । तर गृह स्रोतका अनुसार विभागको पत्राचारअनुसार सीआइबीले तीन पूर्वप्रधानमन्त्रीहरूको सम्पत्तिबारे अनुसन्धान अघि बढाएको छ ।

यसअघि जेनजी आन्दोलन हुँदा शेरबहादुर देउवाको घरमा पैसा भेटिएको विषय सार्वजनिक भएको थियो । त्यसपछि विभागले देउवा निवासमा पुगेर मुचुल्का समेत उठाएको थियो । प्रचण्डपुत्री गंगाको निवास र ओली निवासको समेत घटनास्थल मुचुल्का उठाएर अनुसन्धान अघि बढाएको थियो ।

अहिले त्यही अनुसन्धानलाई थप तीव्रता दिइएको हो । विभागले पत्राचारपछि अहिले यसको अनुसन्धान सीआइबीले अघि बढाएको छ ।

## रविको मुद्दा संशोधन निर्णयविरुद्धको रिट पूर्ण इजलासमा



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको मुद्दा संशोधन गर्ने निर्णयविरुद्धको रिट पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासमा सुनुवाइ भएको थियो ।

बहसपछि उक्त मुद्दा पूर्ण इजलासमा सुनुवाइ हुने आदेश भएको सर्वोच्च प्रशासनले जनाएको छ ।

पूर्वमहान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र संगठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गरेकी थिइन् ।

उक्त निर्णयविरुद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दायर गरेका थिए ।

सर्वोच्च अदालतले दुई परिस्थितिमा संयुक्त इजलासका मुद्दा वा रिट निवेदनहरु तीन सदस्यिय पूर्ण इजलासमा पठाउँछ ।

पहिलो, दुई न्यायाधीशहरुबिच राय बाझिएमा मुद्दा तीन सदस्यीय पूर्ण इजलासमा पेश हुन्छ । अर्कोतर्फ, जटिल कानुनी प्रश्न जोडिएको मुद्दा पूर्ण इजलासबाट टुंगिनुपर्ने भनी संयुक्त इजलासले आदेश गरेमा समेत पूर्ण इजलासमा पेश हुने व्यवस्था छ ।




## सम्पादकीय

# आन्दोलनको स्वरूप बदल

एमाले अध्यक्ष एंव पूर्व प्रधानमन्त्री केपी ओलीलाई पक्राउ गरेपछि पार्टी पंक्ति अहिले आक्रोशित छ। भदौ २३ को जेनजी आन्दोलनमा दमन गरी नागरिकको हत्या गरेको आरोप लगाएर पक्राउ गरेपछि पार्टी पंक्ति आक्रोशित हुनु स्वभाविकै हो, प्रधानमन्त्री बालेन्द्र साहले पदभार सम्हालेको भोलीपल्ट नै धरपकड गरेर एमाले पंक्तिमा आक्रोश आएझैं पार्टी बाहिरको पंक्तिले पनि सरकारको हतारोलाई राम्रो मानेका छैनन्।

बालेन्द्र साह म्यादी प्रधानमन्त्री होइनन् । पाँच वर्षको ढुक्क कार्यकाल छ, उनीसँग। दुई तिहाइ नजिकको सिट संख्या जितेको उनको पार्टीलाई काम गर्ने हतारो र हुटहुटी छ। यो हुटहुटी र हतारोलाई विधि र प्रक्रियामा बाँधेर अघि बढ्न नसके त्यसले निम्त्याउने जोखिम धेरै छ। समाज अहिले अराजक भएको छ, यो अराजक समाजलाई सम्हाल्ने सरकारले हो, राज्य सञ्चालक विधि र प्रक्रियामा हिंड्ने र मातहतका निकायलाई प्रक्रियामा हिंड्नका लागि प्रेरित गर्न सक्दा मात्रै अराजक समाज लयमा आउँछ। अहिले सरकारले विधिलाई समात्नुको साटो निर्देशन र आदेशलाई प्रधान ठान्दा अराजक समाज झनै भुङ्ग्रोमा परेको छ। ओली र उनको क्याविनेटका गृहमन्त्री कांग्रेस नेता रमेश लेखकलाई पक्राउ गर्न जुन हतारो गरियो, त्यसले समस्या समाधानको बाटोभन्दा समस्या बढाउने मार्ग तयार गऱ्यो । कानुनको शासनलाई स्थापित गर्नेभन्दा आदेश र हुकुम प्रमाङ्गीलाई वैधता दियो। शासकले आदेश र निर्देशन कानुनमा टेकेर दिने हो। त्यो आदेश र निर्देशन कानुनको दफा र उपदफामा उल्लेख भएअनुसार कत्तिको मिलेको छ, त्यो हेर्न आवश्यक छ।

सरकारले प्रतिवेदन सार्वजनिक नगरिकन पूर्व प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई पक्राउ गर्न जुन गल्ती गऱ्यो । आक्रोशित एमाले पंक्तिले सरकारको गैरजिम्मेवारीपनलाई जिम्मेवार भएर जवाफ दिनुपर्छ । आक्रोशको आगो अब मत्थर हुनुपर्छ । सडकमा टायर बालेर गर्ने विरोध प्रदर्शनको शैलीलाई बदल्नुपर्छ। विरोधका कार्यक्रम रचनात्मक हुनुपर्छ। प्रहरीसँग मुठभेड होइन्, सहकार्य हुनुपर्छ। आइतबार नेपालगञ्जमा जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउन जाँदा आन्दोलनकारीले प्रहरीलाई फूल दिएर हार्दिकता देखाए । लामो संसदीय अभ्यास र सरकार सञ्चालन गरेको एमाले पंक्तिलाई संयमित बनाउन पार्टी नेतृत्वले पहलकदमी लिनुपर्छ । माइतीघर मण्डला र बबहरमहल क्षेत्रमा भइरहेको प्रदर्शन र प्रहरीसँगको झडपले निम्त्याउने अन्ततः नोक्सान नै हो । सरकारले गरेको गैरजिम्मेवार र गैरकानुनी पक्राउविरुद्ध कानुनी लडाइ प्रमुख हो । कानुनी लडाइ जितेर अघि बढ्दा त्यो जितको महत्वपूर्ण सन्देश हुन्छ। राजनैतिक लडाइका लागि पार्टी पंक्तिलाई एकताबद्ध गर्ने र अरु पार्टीसँग सहकार्य गर्दै सरकारका कमजोरी र गलत क्रियाकलापको आलोचना र राम्रा कामप्रति समर्थन गर्दै अघि बढ्ने असल आचरणलाई अघि बढाउन सक्दा लोकतान्त्रिक प्रणाली बलियो हुन्छ।

# वैदेशिक हस्तक्षेपको चपेटामा नेपाल





झपेन्द्र जिसी

लोकतान्त्रिक गणतन्त्र लामो समयको आन्दोलनपछि प्राप्त भएको हो। यसमा घुन पुत्लो लगाउने कसैलाई छुट छैन।

सरकार बनेको छ। मन्त्रीहरुका अनुहार हेर्दा कस्ता-कस्ता छन्? जनताले देखेका छन्। सबै सुरुपका छैनन् कुरुपका पनि त छन्। कुरुप सौन्दर्यमा होइन चरित्रमा! लोकतन्त्रमा कानूनी शासन अपरिहयता हुन्छ तर पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र उर्जा मन्त्री दीपक खड्कालगायतलाई गौरीबहादुर कार्कीको कागजी खेस्रामा जुन गिरफ्तारी गरेर हिरासतमा राखिएको छ, यसले कानुनी शासनको बर्खिलाप गरेको छ भन्ने कानुनविद्हरुको विश्लेषण रहेको छ।

उग्रता र भावनामा बगेर राज्य सरकार चल्दैन। अनुशासन र नैतिकता चाहिन्छ।

बोली वाचा मात्र होइन, कार्यान्वयन पक्ष सुन्दर र पारदिर्शता चाहिन्छ। समुनन्त नेपालको खोजीमा जनता छन्। स्वरोजगार र रोजगारका आवश्यकता छ, तर सरकार उल्टो दिशामा हिंड्दैछ। उल्टो दिशामा हिंड्नेलाई प्रतिगमन भनिन्छ। सारतः प्रतिगमन हुँदैछ।

**पृष्ठभूमि**

फागुन २१ गतेको चुनाव नेपाली जनताको माग होइन, तर निर्वाचन थिपोरिएदिएपछि राजनीतिक पार्टीहरु शंका आशंकाका बिचमा चुनावमा सहभागी हुँदै जनतालाई आह्वान गरे। त्यो आन्दोलन र निर्वाचनको उद्देश्य भित्री उद्देश्य नेपाली राजनीतिक नेताहरु र निर्वाचित सरकार र त्यसका प्रधानमन्त्रीलगायतको तेजोबध गर्नु र जनतालाई राजनीतिक दलप्रति विस्तृष्णाको खेती गर्नु रहेछ। जेनजी विद्रोहभन्दा पहिला नेपालका सत्ता सञ्चालकहरु र राजनीतिक कर्मचारीहरुले भ्रष्टाचारको सगरमाथा निर्माण नै गरे भनेर प्रचारित गरे। छिटफुट रुपमा केही नेता र राष्ट्रसेवकहरुले त्यस्तो कुकार्यमा संलग्न नभएको भन्न सकिन्न तर मूलभूत रुपमा भ्रष्टाचारको सगरमाथा निर्माण गर्न थालेको पाइन्न। तिलाई पहाड बनाइदिएपछि जनतामा भ्रम पर्ने नै भयो र त्यो पऱ्यो पनि। जेनजी आन्दोलनको पूर्व घडीमा सिंगो माओवादी पार्टीले त होइन, तर प्रचण्डजस्ता नेताले जोरी खोजिरहने हो केपी कमरेड एकदिन जनताले सिंहदरबार घेर्न आउने छन्, भनेको तपाईं हामी सबैका कानले सुने। नभन्दै कागताली नै मिलेको हो कि प्रचण्डको समेत। जेनजी विद्रोह राष्ट्रिय सम्पदा र देशै दहनमा उनको संलग्नता रहेको हो। यो पनि रहस्यको विषय बनेको छ।

निर्वाचनमा कुनै दलले बहुमत ल्याउनु थियो रास्वपाले ल्याएको पाइयो। यसमा मथागरम हामी जस्तो मान्छेले गरेर अर्थ पनि छैन, यसको छानबिन, अनुसन्धानपछि हुँदै गर्ला। निर्वाचित यो सरकारले पूर्व प्रधानमन्त्री, रक्षामन्त्री, उर्जामन्त्रीलगायतलाई गिरफ्तार गरिसकेको छ। गर्नु परेकै भित्रीकारण के हो, यो पनि जनताले बुझ्दै गर्लान्। यदि बदलाको भावनाले गरिएको हो भने यो सरकारको आयु छोटाउने काम आफैबाट हुने देखिन्छ।

अमेरिका (युएसए)ले भेनेजुएलाका राष्ट्रपति निकोलस माधुरो र उनकी श्रीमतीलाई मध्यरातमा आक्रमण गरी अमेरिका पुऱ्यायो र भेनेजुएलाको राष्ट्रपति म आफैं हुँ भनी ट्रम्पले घोषणा गऱ्यो। उता ग्रिनल्याण्डमा पनि त्यस्तै हर्कत गर्न खोजिरहेको छ। इजरायलाई उचालेर इरानमाथि आक्रमण सुरु गऱ्यो। इरानले पनि प्रतिकार स्वरुप क्षेप्यास्त्र प्रहार गर्दा उसको दादागिरी चकनाचुर हुने अवस्थामा छ।

बंगलादेशमा भएको विद्यार्थी आन्दोलन पनि त्यस्तै अमेरिकी उक्साहटबाट भएको थियो र हसिनाको सत्ताच्यूत पनि त्यसैकै परिणाम हो।

नेपालमा भएको जेनजी विद्रोह पनि त्यस्तै अमेरिका, इण्डिया, र फ्रि तिब्बतको नारा उराल्ने दलाइ लामाहरुबाट भएको हो। यी सबै नेपाली अनुहारमा गरिएका प्रतिगमन वैदेशिक हस्तक्षेपका पराकाष्ठा हुन्।

२०८२ भाद्र २३ र २४ गते विद्यार्थीलाई ढाल (कवच) बनाएर सडक संघर्षको नाममा हानाहान भयो। जिउ ज्यान र राष्ट्रिय सम्पदाको अकल्पनीय क्षति भयो। तत्कालीन त्यो सरकार ढलेपछि संविधानको धारा उपधारा समेतलाई कुल्चेर बनेको सुशीला कार्की नेतृत्वको कथित सरकारले फागुन २१ गते निर्वाचनको मञ्चन गऱ्यो।

बाक्समा मतदाताले मत हाले। मतपेटिका बोकेर आर्मीले लग्यो।

मत गणना हुँदा मत जति सबै घण्टीमा देखियो। घण्टीले झण्डै दुई तिहाइ सीट ल्याएछ। यसैले घण्टीमा लहर चल्यो भनेर देशी विदेशी मिडियाले लेखे, फुके, सामाजिक सञ्जाल रंगिए। १८२ सीट प्राप्त भएपछि यसो भनिनु स्वाभाविकै हो।

शुक्रबार बालेन्द्र साहको नेतृत्वमा एकल सरकार गठन भएको छ। त्यसै दिन बालेन्द्र साह प्रधानमन्त्री भएको सरकारले शपथ ग्रहण गरेको छ। देश हित र जनहित गरोस्। शुभकामना!

शुभकामना र बधाई औपचारिकता पनि हो।

यसै प्रसङ्गमा केही प्रश्नहरु पनि उठेका छन्, उठाइएका छन्। जसले जेनजी विद्रोहलाई उक्स्यायो। सडक प्रदर्शनीमा जलपान गराउने निहुँमा विष्फोटक पदार्थ भरेर सुरक्षाकर्मीतर्फ प्रहार गर्ने काम गरे, उनीहरु नै मन्त्री भए भन्ने टिप्पणी पनि छ। यस क्रममा गृहमन्त्री सुदन गुरुङको नाम शिरमै देखिन्छ।

कथित नागरिक सरकारका प्रधानमन्त्री सुशीला कार्की लगायत समेतले जेनजी प्रदर्शनीलाई भड्क्याउने काम गरे उनीहरु नै जिम्मेवार मन्त्री र सांसद भए भन्ने टिप्पणी पनि छ।

जसले मन्त्री आवास भवन ध्वस्त पारे। आज उनीहरु मन्त्री बने! अब उनीहरुलाई कहाँ राख्ने भन्ने राष्ट्रसेवक कर्मचारीहरुको गुनासो र समस्या बनेको पनि देखिन्छ।

सुशीला कार्की सरकारले गौरीबहादुर कार्की आयोगको प्रतिवेदनको पूर्ण पाठ सार्वजनिक गरेको छैन। तर जनआस्था पत्रिकामार्फत् पुरानो सरकारका प्रधानमन्त्री रक्षामन्त्री, सुरक्षाकर्मीलाई आरोपित गरेर सुटुक्क केही अंश प्रस्तुत गरेको छ। यो प्रतिवेदन प्रायोजित कपोलकल्पित र निराधार आरोपको पुलिन्दा हो भन्ने टिप्पणी वार एशियन, पूर्व प्रधानमन्त्री र पार्टी नेताहरुले बताएका छन्। इन्कार गरेको अभिव्यक्ति दिएका छन्।

नवगठित सरकारले कसरी ग्रहण गर्छ हेर्न बाँकी छ। भविष्यले बताउँला।

आरोप, प्रत्यारोप र बदलाको भावनाले सरकार चल्दैन, शान्ति सुरक्षा, अमनचैन कायम हुन सक्दैन भन्ने विश्लेषकहरुको अभिमत रहेको पाइन्छ।

जिउ ज्यान र राष्ट्रिय सम्पदाको अथाह क्षति भयो। खरानी भयो। सुशीला सरकारकै अनुमान पनि ८४ अरब रुपैयाँको क्षति भएको बताइन्छ।

दश वर्षे माओवादी जनयुद्ध कालमा थिलोथिलो परेको अर्थतन्त्र पुनः जेनजीको नामबाट थिलोथिलो भयो।

कहिले माओवादी द्वन्द्वको नामबाट कहिले जेनजीको नामबाट जनधनको क्षति भयो। जान्ने बुझ्नेहरुलाई चिन्ताले गाँजेको छ अब फेरि के नामबाट द्वन्द्व र क्षति हुने हो? शान्ति र समृद्धि कहिले आउने हो? जनताले शान्तिको सास फेर्न कहिले पाउने हो। सर्सर्ती हेर्दा जेनजी विद्रोहबाट सुरु भएको यो विद्रोह अप्रत्यक्ष रुपमा प्रतिगमन हो भनेको सुनिन्छ।

झण्डै दुई तिहाइको सरकार बनेको छ। विदेशीहरुले नेपालको राजनीतिमा आँखा गाडेको देखिन्छ। सरकारको मतभार क्षमता अनुसार काम हुन सके त राम्रै हुने थियो।

यो सरकार निर्माण गर्न भूमिका खेल्ने दलाइ लामाको टिओवी, अमेरिकी युथ काउन्सिलको भूमिका छ भन्छन्। हुन पनि जेनजी प्रदर्शनीमा त्यो देखिएकै हो।

कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतले अँठ्याएर बसेको छ। यही भूमि फिर्ता देऊ भन्ने ओली सरकारको प्रष्ट अडान थियो। जसका कारण ओलीलाई भारत भ्रमणमा समेत नबोलाएर शिष्टाचारको मर्यादालाई भारतले तोडेकै हो। नव प्रधानमन्त्रीलाई घुमघाम गर्न मात्रै दिल्ली बोलाउला कि हाम्रो गुमेको वा लुटिएको भूमि फिर्ता गर्ला?

नरेन्द्र मोदीले त झन् कडा भएर नेपाल, बंगलादेश, श्रीलंका, भुटान समेतलाई विलय गरी अखण्ड भारत बनाउने उद्घोष गरिसकेका छन्। उत्तर दक्षिण रेलमार्ग चीनदेखि भारत जोड्ने प्रस्तावलाई बालेनले कसरी लैजालान्?

सुशासन त चाहिएकै छ। बालेनको वाचा पत्रमा पनि त्यो छ, वाचा पत्र कागजमा सीमित नहोस्। तर सहकारी ठग उनकै अध्यक्ष रवि हुन् भनेर अदालतमा मुद्दा चलिरहेको छ। उनको मामिलामा कस्तो कदम बालेनले चल्लान्?

अन्त्यमा नेपालीलाई नेपाल देश प्यारो छ। पुर्खाले निर्माण गरेको यो देश हो। लोकतान्त्रिक गणतन्त्र लामो समयको आन्दोलनपछि प्राप्त भएको हो। यसमा घुन पुत्लो लगाउने कसैलाई छुट छैन।

सरकार बनेको छ। मन्त्रीहरुका अनुहार हेर्दा कस्ता-कस्ता छन्? जनताले देखेका छन्। सबै सुरुपका छैनन् कुरुपका पनि त छन्। कुरुप सौन्दर्यमा होइन चरित्रमा! लोकतन्त्रमा कानूनी शासन अपरिहयता हुन्छ तर पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र उर्जा मन्त्री दीपक खड्कालगायतलाई गौरीबहादुर कार्कीको कागजी खेस्रामा जुन गिरफ्तारी गरेर हिरासतमा राखिएको छ, यसले कानुनी शासनको बर्खिलाप गरेको छ भन्ने कानुनविद्हरुको विश्लेषण रहेको छ।

उग्रता र भावनामा बगेर राज्य सरकार चल्दैन। अनुशासन र नैतिकता चाहिन्छ।

बोली वाचा मात्र होइन, कार्यान्वयन पक्ष सुन्दर र पारदिर्शता चाहिन्छ। समुनन्त नेपालको खोजीमा जनता छन्। स्वरोजगार र रोजगारका आवश्यकता छ, तर सरकार उल्टो दिशामा हिंड्दैछ। उल्टो दिशामा हिंड्नेलाई प्रतिगमन भनिन्छ। सारतः प्रतिगमन हुँदैछ।

# जनादेशपछिको 'साइत'का चुनौतीहरू

युवराज घिमिरे

हरेक सुन्दर या सुनौलो बिहानीले त्यत्तिकै सुन्दर र सफल दिन सुनिश्चित गर्दैन । त्यस्तै निराशापूर्ण बिहानीपछिको दिनले केही सकारात्मक उपलब्धि ल्याउनै सक्दैन भन्नु त्यत्तिकै गल्ती हुनेछ। निराशाबाट बाहिर निस्कन के-कस्ता प्रयास गरिन्छन्, त्यसमा धेरै कुरा भर पर्छ। र, सफलताका वास्तविक प्रयास परिस्थितिबाट पलायन नहुने दृढ निश्चयी व्यक्तिबाटै हुने गर्छ। लडेपछि उठ्न नचाहने पलायनवादको प्रकृति नै पराजयको मूल कारण हो।

राजनीति र शासनका सन्दर्भमा कुरा गर्दा खासगरी विगत २० वर्षमा जनतालाई पराजित गरी सर्वसत्तामा रमाउनु र आफूलाई कानुनभन्दा माथि राख्नुलाई नै तीन ठूला दल कांग्रेस, एमाले, माओवादी अनि १२- बुँदेका अन्य मतियार क्षेत्रीय र व्यक्ति केन्द्रित समूहले आफ्नो अभीष्ट माने। त्यसैलाई उनीहरूले राष्ट्रिय संकल्प र राजनीतिको सुन्दर लक्ष्य मान्दै रमाए।

ज्ञानेन्द्र शाहले राजाका रूपमा २०६३ वैशाख ११ को सम्बोधनमार्फत 'सार्वभौम' घोषित जनताको सामूहिक हैसियतलाई यी दलले पटक-पटक विदेशीहरूसमक्ष आत्मसमर्पण गराए। जनतालाई संलग्न नगरी विदेशी स्वार्थ र आदेशमा, अनि ती एजेन्डा तथा अवधारणाका साझा व्याख्या सहमति र अपनत्वबिना नै नेपाललाई धर्मनिरपेक्ष संघीय गणतन्त्र घोषित गरियो, विधि प्रक्रिया र फरक मतलाई पूर्णतः निषेध गरेर।

बालेन शाह प्रधानमन्त्री हुनुको के अर्थ लाग्छ? यो लम्पसारवादी दासत्वपूर्ण र परिचालित 'अग्रगामी' व्यवस्थाका लागि। तत्काल भन्न सकिने विषय हैन। आगामी दिनमा उनको नेतृत्वको सरकारले घरेलु मामिला, सेवाप्रदायक, आर्थिक प्रगति, रोजगारीसम्बन्धी मामिलासँगै वैदेशिक नीति र त्योसँग जोडिएको मुलुकको छविलाई कसरी सन्तुलित तरिकाले माथि उकास्न सक्छन् या सक्दैनन् त्यसबाट यो सरकारको अनि त्यसका नाइकेको सफलता या असफलता जाँचिनेछ।

तर, प्रजातन्त्रमा राज्य र त्यसलाई वैधानिक तथा विधिवत् रूपमा प्रतिनिधित्व गर्ने सरकारका प्रमुख यदि राज्य संसद् तथा सम्बन्धित दलभन्दा माथि निरंकुश र शक्तिशाली देखिए भने त्यसले व्यवस्थालाई सुदृढ बनाउँदैन। हो, त्यस्ता निरंकुश व्यक्तिले दलीयकरण, दलीय स्वार्थ र विदेशी शक्तिको घुसपैठबाट उत्पन्न हालीमुहालीबाट भत्किएको व्यवस्थालाई ढालेर जनमुखी अनि समग्र राष्ट्रहितमा काम गर्न सक्ने अनुकूल प्रशासनिक तथा भौतिक पूर्वाधार वातावरण निर्माण गर्ने चाहना राख्नसक्छन्, तर प्रजातन्त्रमा चाहनामात्र सबै कुरा होइन। यस्ता प्रयत्नहरूको स्वीकार्यता र अस्वीकार्यता त्यसले ल्याउने नतिजाबाट नभई विधि प्रक्रिया र जनताको संलग्नताबाट जाँचिनेछ अन्ततः।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झण्डै दुई तिहाइको बहुमत हासिल गरे पनि अहिले प्रधानमन्त्री बालेन शाह पार्टीभन्दा शक्तिशाली र वर्चस्वशाली देखिएका छन्। उनले शपथ लिएलगत्तै दुई/तीन वटा सन्देश सर्वत्र छरिएका छन्।

पहिलो, विगत २० वर्षको सत्ता निर्देशित र सिद्धान्तविहीन गठबन्धन संस्कृतिमा यो व्यवस्थाको (संसदीय प्रजातन्त्र) केन्द्रीय मौलिकतामा रहेको 'प्रधानमन्त्री' को खस्किएको हैसियत र सान्दर्भिकतालाई पुनर्जीवित गरेका छन् उनले तत्क्षण। गठबन्धनका हरेक दलले मन्त्रिपरिषद्मा आ-आफ्ना नेता घोषित गरेर प्रधानमन्त्रीलाई 'बिचरा' र 'दयनीय' बनाएका थिए। मात्रिका यादवले मन्त्रिपरिषद्भित्रै गिरिजाप्रसाद कोइरालालाई 'चोरको सरदार' भन्दा पनि कोइराला निरीह बनेर बसेका थिए। किनकि मात्रिका यादवका नेता अर्कै थिए मन्त्रिपरिषद्मा। ओली शक्तिशाली प्रधानमन्त्री हुँदा पनि शेरबहादुर देउवाको अनुमोदन चाहिन्थ्यो, प्रधानमन्त्रीलाई।

दोस्रो, बालेन शाहले शपथका क्रममा बटुकहरूबाट स्वस्ति वाचन र लामाहरूबाट मंगलपाठ या मन्त्र सुन्नुलाई 'धर्मनिरपेक्षतावादी' हरूले विरोध गरेका छन्। एक किसिमले ०६३ जेठ ४ मा श्री ५ ज्ञानेन्द्रले ब्युँताएको प्रतिनिधिसभाको अध्यक्षको आसनबाट सुवास नेम्वाङले जसरी अप्रजातान्त्रिक, विधिविहीन र षड्यन्त्रकारी तरिकाले 'धर्मनिरपेक्षता' को डम्फु फुकेका थिए, बालेनका स्वस्ति र मन्त्रोच्चारणले त्यो धर्मनिरपेक्षता त्यसरी नै धराशायी भएको छ।

बालेन शाह प्रधानमन्त्री भइसके पनि यो दुई तिहाइ नजिकको जनादेश उनको र रास्वपाकै पक्षमा गएको उनले अझ सावित गर्न बाँकी नै छ। जनादेशबारे अहिलेसम्म एउटै कुरामा एकमत हुनुपर्छ, यो एमाले, कांग्रेस, हिजोको माओवादी सहितको नेपाली कम्युनिस्ट पार्टी र १२- बुँदेमा संलग्न नारायणमान बिजुक्छे, राजेन्द्र महतो, उपेन्द्र यादव, जातीय घृणा र विद्वेषको राजनीतिमा दीक्षित सिके राउतलगायत १२- बुँदेका सबै शक्ति र व्यक्तिहरूको पूर्ण अस्वीकृति हो।

भारतले नियोजित तरिकाले नेपाललाई अस्थिर बनाउन त्यसबेला आफैंले मलजल गरी बढाएको र 'आतंकवादी' घोषित गरेको 'माओवादी' सँग सहकार्य गरी नेपालमा आमूल परिवर्तनका साथ केन्द्रीय तथा छाता संस्थाका रुपमा स्थापित गरेको राजसंस्था उन्मूलन गर्न लगाएको तथ्य अब सार्वजनिक जानकारीमा आएको छ।

नेपालको आन्तरिक राजनीतिमा भारतको यो स्तरको संलग्नता अर्थात् ब्रह्मास्त्रको प्रयोगपछि संविधानमा आयातीत एजेण्डा घुस्नुका साथै मुलुक विविध बाह्य शक्तिका प्रतिस्पर्धीको खेलमैदान बनेको छ। यो जनादेश त्यसको अस्वीकृति पनि हो। सांकेतिक रूपमा बालेनले आंशिक रूपमा आयातीत धर्मनिरपेक्षतालाई धराशयी बनाएका छन्। तर, त्यो पर्याप्त छैन, दीर्घकालीन रूपमा। नेपालमा आयातीत एजेण्डालाई समाप्त गरी के-कस्ता व्यवस्था र एजेण्डा ल्याउनुपर्छ त्यसबारे छलफल, उचित संयन्त्र र शैली निर्माण तथा तदअनुरूपको निर्णय अबको कदम हुनुपर्छ।

'जेनजी' अभियानबाट बालेनले फाइदा या एउटा हैसियत हासिल गरेका छन् विधिवत् रूपमा। त्यसलाई कसरी उनले उनको पार्टी र त्योभन्दा बढी मुलुकको दीर्घकालीन हित र उत्थानमा प्रयोग गर्छन्। उनी यो परीक्षणकालमा प्रवेश गरेका छन्, आजदेखि।

जेनजी' अभियानबाट पहिलो अवसर र लाभ सुशीला कार्कीले पाइन्। निर्वाचन सरकारको नेतृत्व गरिन्। तर, ६ महिनाको अन्त्यमा निर्वाचन र वैधानिक सरकारलाई सत्ता हस्तान्तरण गरेर कमाएको सम्मान ओमप्रकाश अर्याल र आदर्श श्रेष्ठको राजनीतिक जीविकोपार्जन र पदस्थापनलाई प्रतिष्ठाको प्रश्न बनाएर बाहिरिएकी छन्। मह काढ्दा धेरै हात चाट्नु उनका लागि सार्वजनिक जीवनको मर्यादाविपरीत हुन्छ। एउटा सुखद र दुर्लभ अवसरको परीक्षाको नतिजा त्यति सुखद हुन पुगेन उनका लागि। यद्यपि नेपालको इतिहासमा एउटा रेकर्ड भने कायम गरिन्, उनले।

महान्यायाधिवक्ता (एटर्नी जनरल) सविता भण्डारीको पलायन र कार्कीको उनीप्रतिको अभिभावकीय स्वार्थले नेपालको प्रशासनको 'स्वच्छता'को अवस्था पनि देखिएको छ। त्यस्तै, विधि र मार्यादा मिचेर निर्वस्त्र शैलीका खलनायक गौरीबहादुर कार्की आयोग यो ६ महिने शासनको अर्को कलंक सावित हुन पुग्यो। आर्थिक प्रशासनमा अब्बल मानिएका रामेश्वर खनालले आफैं प्रधानमन्त्री र मन्त्रिपरिषद्ले फिर्ता लिएका केही जघन्य अपराधका मद्दाबारे मुख खोलेनन् तर शपथग्रहणका अवसरको स्वस्ति वाचनको विरोध गरे। यही द्वैध चरित्र र मान्यता नेपाली राजनीतिको सबभन्दा ठूलो अभिसाप बनेको छ।

यी उदाहरण जति नकारात्मक र दुःखद भए पनि बालेनका लागि राम्रा 'मार्गदर्शक' कोसेढुंगा पनि हुन्। समयबद्ध निर्णय र कार्यान्वयनसँगै १२- बुँदे दासत्वका शक्ति र नेताहरूले अपनाएको निषेधको राजनीतिको अन्त्य र आयातीत एजेण्डाहरूको अस्वीकृति जनादेशका निर्देशन पनि हुन्। जनताले परास्त र अस्वीकार गरेका शक्तिको नीतिलाई निरन्तरता जनादेशको अवमूल्यन हुनेछ। कुन स्वार्थका लागि उनीहरू १२ बुँदेको भुलभुलैयामा प्रवेश गरेका हुन् त्यो बालेनले बुझ्नु जरूरी छ। अन्यथा बाहिरी दासत्व स्वीकारेका शक्तिहरू पहिलो अवसर या बालेन सरकारको कमजोरी पाउनेबित्तिकै एक ठाउँमै आउनेछन्। फेरि निषेधको राजनीति र आयातीत एजेन्डालाई नै निरन्तरता दिनेछन्।

नेपालको बृहत्तर हितमा र विगत २० वर्षका राष्ट्रघाती शक्ति र बाह्य हस्तक्षेपका अस्वीकृतिलाई आन्तरिक राजनीतिको उत्थानमा जोड्नु सबैभन्दा ठूलो बुद्धिमानी हुनेछ बालेनको। उनको समय शुक्रबार मध्याह्न १२:३४ बाट सुरु भएको छ। देशान्तरबाट

# प्रथम बटौली कपको उपाधि बुटवल गोलपार्कलाई




भैरहवा । बुटवल गोलपार्क क्रिकेट क्लबले प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगिताको उपाधि चुमेको छ ।

पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उप-महानगरपालिकाको सहयोगमा आयोजितप्रतियोगिताको आइतबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा सम्पन्न फाइनलमा लुम्बिनी खुकुरी क्लबलाई ३७ रनले हराउँदै गोलपार्कले उपाधि हात पारेको हो ।

उपाधि विजेता बुटवल गोलपार्कले नगद ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो ।

उप-विजेतामा चित्त बुझाएको लुम्बिनी खुकुरीले नगद २५ हजारसहित मेडल पायो ।

सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको बुटवल गोलपार्कले ६ विकेट गुमाएर १ सय ५४ रन बनायो । उसका लागि सुजन गौतमले अविजित ४४, हरजीत सिंहले ४२, ईश्वर क्षेत्रीले २५, दीपेश रोक्काले १५, अनिश जोय गुरुङले १४ र कलम अलीले १० रन बनाए ।

बलिङमा लुम्बिनी खुकुरीका रोशन गौतमले २ तथा पिन्टु साहनी र बैतुल्लाह खानले १-१ विकेट लिए ।

जवाफमा लुम्बिनी खुकुरीले १९ ओभर २ बलमा अलआउट हुँदै १ सय १७ रन मात्रै बनायो र उपाधि जित्नबाट चुक्यो ।

उसका लागि रोशन गौतमले ३६, जितेन्द्र केवटले १५, सुमनराज पाण्डेले १४, सुरज दराईले १३ र निश्चल चौधरीले १० रन बनाए ।

बलिङमा बुटवल गोलपार्कका सन्दीप अर्याल र कलम अलीले ३-३ तथा सागर गैरे, हरजीत सिंह र सुप्रिम कंडेलले समान १-१ विकेट लिए । सुदीप अर्याल म्यान अफ द फाइनल भई एक हजार रुपैयाँ प्राप्त गरे ।

बुटवल गोलपार्कका हरजीत सिंह म्यान अफ द सिरिज भई १० हजार रुपैयाँ पाए ।

यस्तै, बुद्ध क्रिकेट क्लबका अजित यादव वेष्ट ब्याटर र एमएसएमटी क्रिकेट क्लब नौतनवाका अंशु सिंह बेष्ट बलर भई समान ५-५ हजार रुपैयाँ प्राप्त गरे ।

विजेता र उप-विजेता खेलाडीलाई बुटवल नगर खेलकुद विकास समितिका संयोजक वोनिन पिया, आयोजक संस्थाका अध्यक्ष निरजप्रताप खाँण, क्यानका पूर्वकेन्द्रीय कार्यवाहक सचिव प्रशान्त विक्रम मल्ल, रुपन्देही क्रिकेट संघका कार्यवाहक अध्यक्ष धीरज क्षेत्री, लुम्बिनी प्रदेश क्रिकेट संघका सदस्य प्रथम पराजुली, पूर्वराष्ट्रिय खेलाडी शक्ति गौचनलगायतले पुरस्कार प्रदान गरे । प्रतियोगितामा भारतका दुईसहित १६ टिमको सहभागिता थियो ।

# उद्योग वाणिज्य संघको अध्यक्षमा सिंह निर्वाचित

पाल्पा । पाल्पा उद्योग वाणिज्य संघको निर्वाचनमा समिरमान सिंह निर्वाचित भएका छन् । सिंहले निवर्तमान अध्यक्ष शैलेन्द्र भट्टराईलाई पराजित गरी अध्यक्षमा निर्वाचित भएका हुन् ।

नव निर्वाचित अध्यक्ष सिंहले ५७९ मत ल्याए भने उप-विजेता भट्टराईले ५११ मत पाएका हुन् । यसैगरी वाणिज्य उपाध्यक्ष रञ्जना थापा अर्याल विजयी भएकी छिन् । थापाले ५३१ मत प्राप्त गरेकी थिइन भने प्रतिष्पर्धी सुरेन्द्रमान कर्माचार्यले ३३६ मत प्राप्त गरेका थिए । उद्योग उपाध्यक्षमा मुक्तिराम जिसी निर्विरोध निर्वाचित भएका छन् ।



यसैगरी क्षेत्रगत सदस्यहरुमा क्षेत्र नं. २ बाट सञ्जयकुमार श्रेष्ठ र विष्णुबहादुर पछाई निर्विरोध निर्वाचित भएका छन् भने क्षेत्र नं. ३ बाट यसैगरी क्षेत्र नं. ३ मा दुई पदको लागि विनोद नेपाल, विश्व के.सी., क्षेत्र नं. ४ बाट नारायण न्यौपाने र नारायणबहादुर पछाईं निर्वाचित भएका छन् भने क्षेत्र नं. ५ बाट विनायक महर्जन र किशोरदर्शन बज्राचार्य निर्विरोध निर्वाचित भए ।

यसैगरी सदस्यहरुमा क्षेत्र नं. ६ बाट लक्ष्मणप्रसाद रेग्मी र अमन श्रेष्ठ, क्षेत्र नं. ७ बाट विन मल्ल, मोहनबहादुर कुँवर निर्वाचित भए भने क्षेत्र नं. ८ बाट रमेश राज बज्राचार्य, क्षेत्र नं. ९ बाट निराकार श्रेष्ठ निर्विरोध निर्वाचित भए ।

क्षेत्र नं. १० बाट विदुर घिमिरे र सुरेश गोदार, क्षेत्र नं. ११ बाट दुई सदस्यको लागि कमलप्रसाद पाण्डे, जीवन पाण्डे, निर्वाचित भएका छन् । यो क्षेत्रमा जीवन पाण्डे र सन्तोष श्रेष्ठको मत बराबर आएपछि गोथाप्रथा गरी जीवन पाण्डेलाई विजयी घोषणा गरिएको निर्वाचन अधिकृत टंकप्रसाद पन्थले जानकारी दिए ।

यसैगरी पाल्पा उवासंघको कार्यसमिति सदस्यमा क्षेत्र नं. १२ बाट दिपक घिमिरे र गंगाराम नेपाल, क्षेत्र नं. १३ बाट समत मियाँ र एसोसियट सदस्यमा दामोदर गैरे निर्विरोध निर्वाचित भएका हुन् । पाल्पा उद्योग वाणिज्य संघमा १ हजार २ सय ९३ मतदाता रहेकोमा १ हजार १ सय १२ मत खसेको थियो । अध्यक्ष दुबै उम्मेदवारले प्यानल नै खढा गरेर निर्वाचनमा प्रतिष्पर्धा गरेका थिए ।


## माउण्ट एभरेष्ट डिष्टिलरी लिमिटेड

तिलोत्तमा-१४, टिकुलीगढ, रुपन्देही

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०८२/१२/१६ गतेदेखि नेपालभर लागू हुने गरी मूल्य सूची प्रकाशित गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| Brand Name | UP | ML | ND | ND commi. | Distributors | Distributors Comm. | WS | WS Comm. | Retail | "Retail Comm." | Consumer | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | Case | Unit |
| Blue Spot | 40 | 750 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 1,240 |
| | | 375 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 620 |
| | | 180 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 310 |
| Red Nature | 40 | 750 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 1,240 |
| | | 375 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 620 |
| | | 180 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 310 |
| Blue Nature | 40 | 750 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 1,240 |
| | | 375 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 620 |
| | | 180 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 310 |
| 6 TO 9 | 40 | 750 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 1,240 |
| | | 375 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 620 |
| | | 180 | 12,165 | 490 | 12,655 | 664 | 13,319 | 699 | 14,018 | 862 | 14,880 | 310 |
| Wild Fire | 40 | 750 | 11,970 | 480 | 12,450 | 654 | 13,104 | 688 | 13,792 | 848 | 14,640 | 1,220 |
| | | 375 | 11,970 | 480 | 12,450 | 654 | 13,104 | 688 | 13,792 | 848 | 14,640 | 610 |
| | | 180 | 11,970 | 480 | 12,450 | 654 | 13,104 | 688 | 13,792 | 848 | 14,640 | 305 |

उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु .अ . कर समावेश गरिएको छ ।
उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ । साथै सो बिक्री मूल्यहरुमा व्यवसायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोध भर्ना दिन सकिने छ ।


## हाटबजारहरुमा...

हाटबजार क्षेत्रमा व्यवसाय गर्दै आएका व्यवसायीहरुलाई आफ्नो परिचय खुल्ने गरी अनिवार्य बोर्ड राख्न उनले आग्रह गरे ।

नगर उप-प्रमुख सावित्रादेवी अर्यालले उपभोक्ताको स्वास्थ्यलाई ख्याल गरी आफ्नो व्यवसाय सञ्चालन गर्न आग्रह गरिन् । उप-महानगरपालिकाले बजार अनुगमनलाई तीव्रता दिएको उल्लेख गर्दै उनले उपभोक्ताको सवास्थमाथी खेलवाड गर्ने व्यवसायीहरुलाई कानुनअनुसार कारबाही हुने बताइन् ।

उप-महानगरपालिकाले व्यापार व्यवसाय गर्नका लागि निश्चित क्षेत्र तोकेको बताउँदै नगर उप-प्रमुख अर्यालले सडक छेकेर अवरुद्ध हुनेगरी जथाभावी व्यापार नगर्न व्यवसायीहरुलाई आग्रह गरिन् ।

लुम्बिनी फलफूल व्यवसायी संघका अध्यक्ष नुरुदिन शाहले अव्यवस्थित रुपमा सडक क्षेत्र ओगटेर व्यापार गर्दै आएका व्यवसायीहरुलाई व्यवस्थित गर्न आग्रह गरे । यस्तै रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुली, रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल, बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, खुद्रा किराना व्यवसायी संघ रुपन्देहीका अध्यक्ष गोपालप्रसाद प्रधान, नेपाली कम्युनिष्ट पार्टीका नगर अध्यक्ष महेन्द्र भुसाल, संघका उपाध्यक्ष टिकाप्रसाद भट्टराईलगायतले बोल्दै व्यवसायीका समस्या समाधान र हकहितका लागि एकजुट हुनुपर्नेमा जोड दिए ।

संघका महासचिव जयन्त घर्तीले वि.सं. २०६३ सालमा स्थापना भएको संघमा सैनामैना, देवदह, तिलोत्तमा, शुद्धोधन र कञ्चन गरी पाँचवटा शाखा क्रियाशिल रहेको बताए ।

रुपन्देहीका १२२ स्थानमा हाटबजार सञ्चालन हुँदै आएका र संघमा ५ हजार बढी व्यवसायी आवद्ध रहेकासचिव ईश्वरचन्द्र भट्टराईले बताए । साधारणसभाका अवसरमा संघका पूर्व अध्यक्ष, उत्कृष्ट किसान, व्यवसायी, पत्रकार टिआर शर्मालाई उत्कृष्ट पत्रकारिता पुरस्कारबाट सम्मान समेत गरिएको थियो । अधिवेशनले आगामी दुई वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरून् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

## हार्दिक समवेदना



जन्मः
२०७६/१२/१५

स्वर्गारोहणः
२०८२।१२।०२

**स्व. दुर्गादेवी थापा झेंडी मगर**

इतिहासविद्, माननीय पूर्वमन्त्री, मगर अख्खा लिपीका ज्ञाता, हाम्रा अभिभावक एम.एस. थापा (झेंडी) मगर ज्यूको धर्मपत्नी तथा यस प्रतिष्ठानका अध्यक्ष विजयसिंह थापा (झेंडी) मगर ज्यू र सल्लाहकार अजयसिंह थापा (झेंडी) मगर ज्यूको ममतामयी माता समाजसेवी **दुर्गादेवी थापा (झेंडी) मगर**को मिति २०८२ चैत २ गते ७६ वर्षको उमेरमा भएको असामयिक निधनले हामी झेंडी परिवार मर्माहत र स्तब्ध भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**झेंडीमगर प्रतिष्ठान परिवार**



## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### चोरमारा, नवलपरासी (ब.सु.पु.)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशनमिति : २०८२/१२/१६**

यस कार्यालयबाट मिति :२०८२/१०/२१ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रितपूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्र दाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पि.यस सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | 17/NCB/MB/WORKS/2082/83, Sangam Marga Kalopatre, Madhyabindu-07 | Tundaldevi Infrastructure and Suppliers, Kathmandu | 45,62,144.10 | |
| 2. | 18/NCB/MB/WORKS/2082/83, Chormara Bajar, Nagarpalika and Amrasa Jane Sadak Istharunatti, Madhyabindu-07 | Devansh Builders, Hetuda | 68,79,515.76 | |
| 3. | 19/NCB/MB/WORKS/2082/83, Thallo Bhuran Sadak Istharunatti, Madhyabindu-15 | Rambo Construction,Devchuli-17 | 83,39,562.25 | |
| 4. | 20/NCB/MB/WORKS/2082/83, Baburam Chowk Dekhi Madanpur Jane Sadak Kalopatre, Madhyabindu-04 | BT Construction & Suppliers, BinayaTrivini | 26,74,199.00 | |

प्रमुख प्रशासकीय अधिकृत



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# मासु व्यवसायीहरू अब उत्पादनमा पनि जोडिने




बुटवल । मासु व्यवसायी संघ नेपाल रुपन्देहीमा आबद्ध मासु व्यवसायीहरु कुखुरा, खसीबोका, माछापालनलगायतका विभिन्न मासुजन्य क्षेत्रको उत्पादनमा पनि जोडिने भएका छन् ।

संघको हालै सम्पन्न आठौं साधारणसभाबाट निर्वाचित विशाल थापा नेतृत्वको कार्यसमितिले उत्पादनमा जोडिंदा मात्रै व्यवसाय दीगोरुपमा चल्ने र विचौलियाको प्रभावकाट मुक्त हुन सहज हुने निश्कर्ष निकालेर उत्पादन उप-समिति गठन गर्ने निर्णय गरेको हो । अब व्यवसायीहरुलाई खसी/बोका, कुखुरा, माछा, रांगा/पाडा, बंगुर पालनमा पनि संलग्न गराउने मोडालिटी तयार गरेर कार्यान्वयनमा जाने तयारी भएको अध्यक्ष विशाल थापाले बताए ।

'व्यवसायीहरु आफूलाई आवश्यक कच्चा पदार्थ उत्पादनमा आफैं जोडिएपछि खसी/बोका, कुखुरा, माछा, रांगा/पाडा, बंगुर बिक्रीमा बिचौलियाहरु हावी हुने परिपाटी घट्ने, उत्पादनमाआत्मनिर्भर हुन टेवा पुग्ने जस्ता फाइदा हुने देखेका छौं,' अध्यक्ष थापाले भने -'मासु व्यवसायी र उत्पादक किसान एक अर्काका पूरक भएकाले आफूहरु पनि उत्पादन उप-समितिगठन गरेरै उत्पादनमा जोडिएर कृषक पनि बन्न चाहेका हौं ।'

संघका महासचिव थानिश्वर सुवेदीले अधिवेशनपछि बसेको पहिलो बैठकले उत्पादन उप-समितिसंगै खसी/बोका, कुखुरा, माछा, रांगा/पाडा, बंगुरको मासु बिक्री गर्ने व्यवसायीका ५ वटा वस्तुगत र पोल्ट्री सप्लायर्सजन्य होलसेल गरी ६ उपसमिति पनि गठन गरिएको बताए ।

यस्तै संघको प्रेस सल्लाहकारमा टिआर शर्मा र कानुनी सल्लाहकारमा दामोदर घिमिरेलाई मनोनित गरिएको महासचिव सुवेदीले जानकारी दिए ।

# राष्ट्रिय लनटेनिस प्रतियोगिता आजदेखि




बुटवल । रुपन्देही लन टेनिस संघको आयोजनामा आजबाट बुटवलमा आठौं बुटवल राष्ट्रिय खुल्ला लन टेनिस तथा चौथो मेयरकप प्रतियोगिता-२०८२ सुरु हुँदैछ ।

प्रतियोगिता हुने देविनगरस्थिति टेनिस कोर्ट बुटवलमा तयारीको काम पूरा भएको संघका अध्यक्ष विष्णु चापागाईंले जानकारी दिए ।

प्रतियोगितामा पुरुष तथा महिला एकल र डबल गरी कुल ११ विधामा प्रतिष्पर्धा गराइने छ । जसमा एकलतर्फ पुरुष/महिला एकल, पुरुष ३५ प्लस, पुरुष ४५ प्लस, पुरुष ५५ प्लस, पुरुष ६५ प्लस गरी ६ विधा रहने छ भने डबल्सतर्फ पुरुष डबल्स, महिला डबल्स, पुरुष ३५ प्लस, पुरुष ४५ प्लस र पुरुष ५५ प्लस गरी पाँच विधा गरी कुल ११ विधा रहेको संघका अध्यक्ष चापागाईंले बताए ।

प्रतियोगितामा पुरुष/महिला एकलको विजेताले नगद ६०/६० हजार, उप-विजेताले नगद ३० हजार तथा तृतीय स्थान हासिल गर्ने खेलाडीले २० हजारसहित कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ ।

यसैगरी पुरुष ३५ प्लस, पुरुष ४५ प्लस, पुरुष ५५ प्लस, पुरुष ६५ प्लसका विजेताले क्रमशः ४० हजार, ३५ हजार, २५ हजार र १५ हजार रुपैयाँ, उप-विजेताले २० हजार, २० हजार, १५ हजार र सात हजार पाँच सय रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने अध्यक्ष चापागाईंले जनाए ।

चैत्र २० गतेसम्म चल्ने प्रतियोगिता सम्पन्न गर्नका लागि कुल रु. २६ लाख ६७ हजार ५०० रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । प्रतियोगितामा देशभरका २ सयभन्दा बढी पुरुष तथा महिला खेलाडीको सहभागिता हुने संघले जनाएको छ ।

प्रतियोगिताका खेलहरु नेपाल लन टेनिस संघको स्वीकृति र अन्तर्राष्ट्रिय खेल नियम र मान्यताअनुसार खेलहरु सञ्चालन गरिने छ । २०७५ सालबाट बुटवल लनटेनिस संघले बुटवलमा पहिलो पटक राष्ट्रियस्तरको लनटेनिस प्रतियोगिता आयोजना गरेको हो ।

सोही प्रतियोगितालाई निरन्तरता दिँदै रुपन्देही लनटेनिस संघले सातौं संस्करणसम्म सफलतापूर्वक सम्पन्न गरिसकेको छ । सातौं बुटवल खुल्ला लनटेनिस प्रतियोगिता तथा तेस्रो मेयर कपको पुरुष एकलतर्फको विजेता पोखराका प्रदीप खड्का हुन भने महिला एकलतर्फको विजेता काठमाडौंकी सुनीरा थापा हुन् ।

# व्यापार संघमा विभिन्न वस्तुगत उप-समिति गठन




बुटवल । रूपन्देही व्यापार संघमा आबद्ध होटल तथा रेष्टुरेण्ट व्यवसायी एवं विभिन्न व्यवसायीहरुको भेला संघको सचिवालयमा सम्पन्न भएको छ ।

होटल तथा रेष्टुरेण्ट वस्तुगत उप-समिति, अतिरिक्त क्रियाकलाप वस्तुगत उप-समिति र अन्तरदेशीय व्यापार समन्वय उप-समिति गठन गर्दै सुनिल गौतमको संयोजकत्वमा ११ सदस्यीय होटल तथा रेष्टुरेण्ट वस्तुगत उप-समिति तथा प्रदिपप्रसाद पन्थको संयोजकत्वमा ११ सदस्यीय अन्तरदेशीय व्यापार समन्वय उप-समिति गठन गरेको हो ।

होटल तथा रेष्टुरेण्ट वस्तुगत उप-समितिको सह-संयोजकमा नारायण गौतम, सचिवमा कुलचन्द्र गौतम, कोषाध्यक्षमा पवित्रा ज्ञवाली र रामप्रसाद पाण्डेमा सह-सचिव रहेका छन् । यस्तै सदस्यहरुमा रोमाकान्त पाण्डे, ध्रुव ज्ञवाली, विष्णु गौतम, प्रेम न्यौपाने, माधव जि.सी., यमबहादुर सारु र सल्लाहकारमा माधवकुमार खनाल, मधुरा भण्डारी रहेका छन् ।

सम्पन्न अन्तरदेशीय व्यापार समन्वय उप-समितिको सह-संयोजकमा बालकृष्ण बस्याल, सचिवमा मेघदेव पन्त, कोषाध्यक्षमा शालिकराम घिमिरे, सह-सचिवमा मनोज पाण्डे रहेका छन् । यस्तै सदस्यहरुमा रितेश ज्ञवाली, अभिषेक भट्टराई, मित्रलाल पाण्डेय, मित्रबन्धु भण्डारी, मदन घिमिरे, क्षितिज न्यौपाने र सल्लाहकारहरुमा शंकर ज्ञवाली, मदन अधिकारी, मधु पन्थी रहेका छन् ।

भेलामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकालले संघका उप-समितिहरुले रुपन्देही व्यापार संघको पिल्लरको रुपमा जिम्मेवारी वहन गर्न अनुरोध गरे ।

उनले व्यवसायीहरुको समस्याहरुको बारेमा उप-समितिले पहिचान गर्न पहल गर्ने र त्यसको समाधान गरेर व्यवसाय विस्तारमा व्यवसायीहरुको सहयोगि बन्न आग्रह गरे । उनले व्यवसायीहरुको समस्यामा संघले सधैं आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्दै उपभोक्ताहरुको मन जितेर व्यवसाय प्रवर्द्धनमा लाग्न सकेमा मात्र सफलता प्राप्त हुने विश्वास व्यक्त गर्दै व्यवसायिक एकता र बदलिंदो परिस्थितिलाई समयमा चिन्न नसकेमा व्यापार अगाडि बढ्न नसक्ने बताए ।

उनले व्यवसायी व्यसायीहरुबिचमा स्वच्छ व्यवसायिक प्रतिष्पर्धाहरु हुनु पर्ने बताउँदै राज्यका नीतिमा रहेका कमीकमजोरीलाई सच्याएर आर्थिक विकासमा निजी क्षेत्रको सहभागिता बढाउनुपर्ने कुरामा जोड दिए । यस्तै ढकालले अन्तरदेशीय व्यापार समन्वय उप-समिति काठमाडौं बाहिरको पहिलो भएको जनाए ।

उनले समितिले सक्रियतापूर्वक काम गरी नमूना उप-समिति बन्न शुभकामना दिए ।

कार्यक्रममा नव गठित संयोजकहरुले आफ्नो कार्यकालमा वस्तुगत उप-समितिलाई सक्रियतापूर्वक अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

यस्तै भेलामा महासचिव प्रकाशराज पौडेल, कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराई, सचिव जयलाल न्यौपाने, महिला सचिव वृन्दा भट्टराई आचार्य, कार्यसमिति सदस्य गोविन्द चापागाईं, प्रेमनाथ पाण्डे, माधवप्रसाद ज्ञवाली, टेकराज पन्थी, धर्मदत्त ज्ञवालीलगायतले विभिन्न पक्षहरुकाबारेमा बोल्दै व्यवसायीहरुको संगठनात्मक भूमिका र औचित्यका बारेमा प्रकाश पारेका थिए ।

# बालबालिकालाई खुवाइयो स्वर्णबिन्दु



पाल्पा । पाल्पा जिल्लाका ६ सय १२ जना बालबालिकालाई पहिलो पटक आयुर्वेदिक 'स्वर्णबिन्दु प्राशन थोपा खुवाइएको छ । बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यलाई सबल बनाउने अभियानका साथ लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको सहयोगमा पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रले एक वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन खुवाउन थालेको हो । लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बालबालिकालाई स्वर्णविन्दु प्राशन थोपा खुवाइ पाल्पामा यो अभियानको सुरुवात गरेका हुन् ।

आयुर्वेदमा स्वर्णबिन्दु प्राशनलाई बालबालिकाका लागि एक शक्तिशाली औषधि मानिन्छ, यसको नियमित सेवनले बालबालिकामा रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउने, मस्तिष्कको विकास बढाउने, स्मरण शक्ति बढाउने र बालबालिकाको शारीरिक र मानसिक विकासका लागि एक सुरक्षा कवच भएकोले यो कार्यक्रम सुरु गरिएको लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले बताए ।

अहिले पहिलो चरणमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा सदरमुकाम केन्द्रित कार्यक्रम भए पनि आगामी वर्षदेखि जिल्लाका गाउँ-गाउँका आयुर्वेदिक केन्द्रहरुमा स्वर्णविन्दु प्राशन थोपा सेवा प्रदान गरिने प्रदेश स्वास्थ्यमन्त्री सारुले बताए ।

आयुर्वेद शास्त्रमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि वर्णन गरिएका १६ संस्कारमध्ये 'प्राशन' एक महत्त्वपूर्ण विधि हो ।

स्वर्णबिन्दु प्राशन शुद्ध सुनको भष्मलाई मह, घ्यू र विभिन्न मेध्य औषधिहरू जस्तैः वच, ब्राह्मी, शंखपुष्पी को सम्मिश्रणबाट तयार पारिने केन्द्रकी आयुर्वेद चिकित्क डा. हौसिला धितालले बताइन् । स्वर्णविन्दु प्राशनको पूर्ण फाइदा लिन ३० थोपासम्म बालबालिकालाई खुवाउने हुन्छ । यो दुई वर्षसम्मका बालबालिकालाई एक पटकमा दुई थोपा, दुई वर्षदेखि पाँच वर्षसम्मको बालबालिकालाई ४ थोपा खुवाउने नियम रहेको छ ।

स्वर्णविन्दु प्राशनको सेवनले पाचन प्रणालीलाई सुदृढ बनाउनुका साथै बालबालिकामा हुने मौसमी सङ्क्रमण र भाइरल ज्वरो जस्ता समस्याबाट जोगाउन मद्दत गर्ने आयुर्वेद चिकित्सकहरुले बताउने गरेका छन् ।

स्वर्णविन्दु प्राशन चैत्र १४ गतेदेखि असार मसान्तसम्म नियमित रुपमा बालबालिकालाई खुवाइने केन्द्रका कार्यालय प्रमुख माधवप्रसाद बस्यालले बताए । 'हामीले पहिलो पटक ५ सय बालबालिकाहरुलाई स्वर्णविन्दु प्राशन थोपा खुवाउने लक्ष्य राखेका थियौं, अभिभावकहरु उत्साहित भएर ६ सय १२ जनालाई औषधी सेवन गराउन सफल भएका छौं ।'-आयुर्वेद स्वास्थ्य केन्द्रकी व्यवस्थापन समितिकी अध्यक्ष लक्ष्मी ढङ्गानाले भनिन् ।

अब बैशाख १३ गते पुनः बालबालिकालाई स्वर्णविन्दु प्राशन औषधि सेवन गराउने कार्यक्रम रहेको कार्यालयले जनाएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं ।
-तनाव व्यवस्थापनमा परिवारको भूमिका
-परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं ।
-स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं ।
-सामाजिक रूपमा सक्रिय रहन सहयोग गरौं ।
-घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं ।
जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं ।
आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com